आज मिति २०७६ साल मंसीर १० गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र वहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका वैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री वल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान वहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर वहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम वहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री कमलप्रसाद पौडेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम वहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मानवहादुर ठाडा, लेखा अधिकृत
श्री कुलवहादुर खड्का, नायव सुव्वा

Scanned by CamScanner

**प्रस्ताव नं. १ : भेरीगंगा नगरपालिकाको जलश्रोत तथा मुहान दर्ता कार्यविधि २०७६ सम्बन्धमा**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकाको विधेयक समितिबाट पेश हुन आएको भेरीगंगा नगरपालिकाको जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७६ को सम्बन्धमा अध्ययन गर्दा पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : वडा नं. ३ को लागि विद्युत तारबार खरिद गर्ने सम्बन्धमा**

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ३ मा विद्युत लाईन विस्तार गर्ने कार्यका लागि विद्युत तारबार खरिद गर्नका लागि यस नगरपालिकाबाट स्टमेट गर्न लगाई आवश्यक कार्य अघि बढाउने गरी भैपरी पुँजीगत शिर्षकबाट ३ लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : घोडे जात्राको रकम विनियोजन सम्बन्धमा**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ११ र १३ मा संचालन भएको घोडे जात्राको लागि स्थानीय कला संस्कृति पवर्द्धनबाट २० हजार रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : न्यायिक शाखामा कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिकाको न्यायिक शाखामा आवश्यक कार्य गर्नका लागि महिला बालबालिका तथा समाजकल्याण शाखामा कार्यरत सपना गौतमलाई थप जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : सडक बोर्ड म्याचिङ सम्बन्धमा ।**

निर्णय नं. ५ : यस भेरीगंगा नगरपालिकामा सडक बोर्डबाट प्राप्त रकमको सम्बन्धमा आवश्यक कार्य अघि बढाउनका लागि समपुरक शिर्षकबाट ७ लाख ५० हजार रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धमा ।**

निर्णय नं. ६ : यस भेरीगंगा नगरपालिकामा कार्यरत ईन्जिनियरिङ सेवाको चौथो सरहको ६ हजार, पाँचौ सरह ७ हजार र छैटौंसरहलाई ८ हजारका दरले फिल्ड भत्ता प्रदान गर्ने निर्णय गरियो । सवारी चालकहरुलाई मासिक ४ हजार र दमकल चालकलाई मासिक ५ हजारका दरले भत्ता प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र वन कार्यालयमा सिफारिस सम्बन्धमा ।**

निर्णय नं. ७ : यस भेरीगंगा नगरपालिकामा वडा नं. १२ मा रहेको हरित पार्कको लागि आवश्यक बजेट माग गर्नका लागि कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र वन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : उद्योग विकास शाखा गठन सम्बन्धमा ।**

निर्णय नं. ८ : यस भेरीगंगा नगरपालिकामा उद्योग, अटो रिक्सा संचालन, घरेलु तथा सहकारी सम्बन्धि आवश्यक कार्य गर्नका लागि उद्योग विकास शाखा गठन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : हिमशिखर बहुमुखी क्याम्पसको डि.पि.आर. गर्ने सम्बन्धमा ।**

निर्णय नं. ९ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ११ मा रहेको हिमशिखर बहुमुखी क्याम्पसको डि.पि.आर. गर्नका लागि आवश्यक कार्य अघि बढाउने निर्णय गरियो । सो कार्यका लागि अध्ययन, अनुसन्धान र परामर्श शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : नगरपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा ।**

निर्णय नं. १० : यस भेरीगंगा नगरपालिकाको (नगर कार्यपालिकाको) प्रवक्ता तोक्ने सम्बन्धमा यस नगरपालिकाको उप प्रमुख श्री रेणु आचार्यलाई प्रवक्ता तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : नगरपालिकाको प्रेस सल्लाहकार तोक्ने सम्बन्धमा ।**

निर्णय नं. ११ : यस भेरीगंगा नगरपालिकाको प्रेस सल्लाहकारको रुपमा पत्रकार श्री नगेन्द्र उपाध्यायलाई तोक्ने निर्णय गरियो ।

Scanned by CamScanner